नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको पूर्ण स्वामित्व)
वितरण तथा ग्राहक सेवा निर्देशनालय
सुदूरपश्चिम प्रादेशिक कार्यालय
धनगढी वितरण केन्द्र
धनगढी, कैलाली

प.स.२०८३/०८४ मिति: २०८३ /०८/०२
च.न. ४७५

श्री चुरे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
घरखेडा, कैलाली।

विषय: सार्वजनिक सूचना टाँस गरी प्रचारप्रसार गरिदिने सम्बन्धमा।

प्रस्तुत विषयमा कैलाली जिल्लाको चुरे गाउँपालिका वडा नं. २ र ४ अन्तर्गत निगालीदेखि केदार, बसन्तपुर, खैराला, सल्लेरी, रानी बगौडा, गर्भा दरबार, बैसेनी र मुले साटासम्म निर्माण सम्पन्न भएका नयाँ विद्युत वितरण लाइन तथा ट्रान्सफर्मरहरू मिति **२०८३ साल मंसिर ४ गते शुक्रबार बिहान १०:०० बजे** देखि चार्ज (विद्युत प्रवाह) गरी परीक्षण तथा सञ्चालन गरिने कार्यक्रम रहेको व्यहोरा अनुरोध छ।

उक्त विद्युत लाइन चार्ज गर्ने क्रममा सम्बन्धित क्षेत्रका विद्युत पोल, तार, स्टे तार तथा ट्रान्सफर्मरहरूमा उच्च भोल्टेजको विद्युत प्रवाह हुने भएकाले सर्वसाधारणको सुरक्षालाई मध्यनजर गर्दै यस कार्यालयबाट जारी गरिएको संलग्न सार्वजनिक सूचना गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरू, सार्वजनिक स्थानहरू र सम्बन्धित क्षेत्रमा टाँस गरी स्थानीय सञ्चार माध्यम तथा अन्य उपयुक्त माध्यमबाट व्यापक प्रचारप्रसार गरिदिनुहुन हार्दिक अनुरोध छ।

साथै, विद्युत दुर्घटनाबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि स्थानीय जनसमुदायलाई आवश्यक सतर्कता अपनाउन जानकारी गराइदिनुहुन समेत अनुरोध छ।

संलग्न: सार्वजनिक सूचनाको प्रति – १ थान।

२०८३/०८/०२

ई.सन्तोष प्रसाद पन्त
वितरण केन्द्र प्रमुख

वितरण केन्द्र प्रमुख

बोधार्थ:

श्री सुदूरपश्चिम प्रादेशिक कार्यालय, अत्तरिया।
श्री चुरे गाउँपालिका वडा न. २ को कार्यालय - सूचना टाश गरिदिन हुन ।
श्री चुरे गाउँपालिका वडा न. ४ को कार्यालय - सूचना टाश गरिदिन हुन ।

प्रशासन फाँट : ■०९१-४१७४५६, लेखा फाँट:■०९१-४१६४४५, मिटर रिडिङ्गफाँट■०९१-४१६२६५ नोलाईट सेवा : ■०९१-४१७१४५
E-Mail: dhangadi@nea.org.np , dhangadhinea@gmail.com

नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको पूर्ण स्वामित्व)
वितरण तथा ग्राहक सेवा निर्देशनालय
सुदूरपश्चिम प्रादेशिक कार्यालय
धनगढी वितरण केन्द्र
धनगढी, कैलाली

नेपाल विद्युत प्राधिकरण, धनगढी वितरण केन्द्रको अत्यन्त जरुरी सूचना !

सूचना !　　सूचना !　　सूचना !

कैलालीको **चुरे गाउँपालिका वडा नं. २ र ४** अन्तर्गत **निगालीदेखि केदार, बसन्तपुर, खैराला, सल्लेरी, रानी बगौडा, गर्भा दरबार, बैसेनी र मुले साटा** सम्म निर्माण सम्पन्न भएको नयाँ विद्युतीय लाइन तथा ट्रान्सफर्मरहरू मिति **२०८३ साल मंसिर ४ गते शुक्रवार बिहान १०:०० बजे** देखि चार्ज (विद्युत प्रवाह) गरी परीक्षण गरिने भएको छ।

उक्त समयदेखि लाइनमा निरन्तर उच्च भोल्टेजको विद्युत प्रवाह हुने हुँदा बिजुलीका पोल, तार, स्टे तार र ट्रान्सफर्मर नजिक नजान, नछुन, पोलमा गाईवस्तु नबाँध्न र बालबालिकालाई टाढै राख्न सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ। कुनै प्राविधिक समस्या आएमा वा आगोको झिल्का देखिएमा तुरुन्तै तलका नम्बरहरूमा सम्पर्क गर्नुहोला:

- **हटलाइन नम्बर:** ११५०
- **अत्तरिया नो लाइट:** ०९१-५५०१४४
- **धनगढी नो लाइट:** ०९१-४१७१४५
- **राम सिंह महरा:** ९८६५७०७१९६
- **पुष्कर दत्त पनेरु:** ९८४८५१९०३७
- **रबिन निर्माण सेवा:** ९८५११९०७८७

नेपाल विद्युत प्राधिकरण
धनगढी वितरण केन्द्र